# काठमाडौँ महानगरपालिका

# स्थानीय राजपत्र

काठमाडौँ महानगरपालिकाद्वारा प्रकाशित

वर्ष ७) काठमाडौँ, चैत १८ गते, २०८० साल

## भाग १

## काठमाडौँ महानगरपालिका
## महानगर शिक्षा विकास कोष सञ्चालन
## कार्यविधि, २०८०

**प्रस्तावना** : काठमाडौँ महानगरपालिकाअन्तर्गतका सामुदायिक विद्यालयहरूको शैक्षिक तथा भौतिक पूर्वाधार विकासमा सघाउ पुऱ्याउन तथा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि महानगरपालिकामा एक महानगर शिक्षा कोष स्थापना गर्न वाञ्छनीय भएकोले

काठमाडौँ महानगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम **"काठमाडौँ महानगरपालिका शिक्षा विकास कोष सञ्चालन कार्यविधि, २०८०"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) **'अध्यक्ष'** भन्नाले उपदफा ३ बमोजिम गठन हुने शिक्षा विकास कोष सञ्चालन समितिको अध्यक्ष सम्झनुपर्छ ।

(ख) **'कार्यपालिका'** भन्नाले काठमाडौँ महानगरपालिका नगरकार्यपालिका भन्ने सम्झनुपर्छ ।

(ग) **'कोष'** भन्नाले काठमाडौं महानगरपालिकामा स्थापना हुने महानगर शिक्षा विकास कोष सम्झनुपर्छ ।

(घ) **'महानगरपालिका'** भन्नाले काठमाडौं महानगरपालिका सम्झनुपर्छ ।

(ङ) **'समिति'** भन्नाले उपदफा ३ बमोजिम गठन हुने शिक्षा विकास कोष सञ्चालन समिति सम्झनुपर्छ ।

(च) **'सदस्य'** भन्नाले उपदफा ३ बमोजिम गठन हुने शिक्षा कोष सञ्चालन तथा व्यवस्थापन समितिको सदस्य सम्झनुपर्छ ।

(छ) **'सदस्य सचिव'** भन्नाले उपदफा ३ बमोजिम गठन हुने शिक्षा विकास कोष सञ्चालन समितिको सदस्य सचिव सम्झनुपर्छ ।

(ज) **'विभाग'** भन्नाले काठमाडौँ महानगरपालिका शिक्षा विभाग सम्झनुपर्छ ।

## परिच्छेद-२
## समितिको गठन, बैठक र अधिकारसम्बन्धी व्यवस्था

३. **समितिको गठन** : (१) कोष सञ्चालन गर्न महानगरपालिकामा एक सञ्चालक समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिमा देहायबमोजिमका पदाधिकारीहरू रहने छन् :

| | | |
|---|---|---|
| (क) | प्रमुख, महानगरपालिका | - अध्यक्ष |
| (ख) | प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ग) | शिक्षा हेर्ने विषयगत समितिको संयोजक | - सदस्य |
| (घ) | वित्त विभागको प्रमुख | - सदस्य |
| (ङ) | प्रमुख, शिक्षा विभाग | - सदस्य सचिव |

(३) समितिले आवश्यकताअनुसार सम्बन्धित क्षेत्रका विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिका पदाधिकारीहरू र आमन्त्रित सदस्यहरूले प्रमुखको अध्यक्षतामा बस्ने बैठकका लागि तोकिएबमोजिमको बैठक भत्ता पाउनेछन् ।

४. **समितिको बैठक** : (१) समितिको बैठक आवश्यकताअनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैँले निर्धारण गरेबमोजिम हुनेछ ।

५. **समितिको काम, कर्तव्य र अधिकार** : (१) दफा ३ बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) महानगरपालिकाअन्तर्गतका सामुदायिक विद्यालयहरू मध्ये भौतिक पूर्वाधार विकास तथा मर्मत गर्नुपर्ने विद्यालयहरूको लगत सङ्कलन गरी पेस गर्न विभागलाई निर्देशन दिने,

(ख) सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार अवस्थाको स्थलगत अनुगमन गर्ने,

(ग) महानगरपालिकाअन्तर्गतका सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सघाउ पुऱ्याउने,

(घ) महानगरपालिकाअन्तर्गतका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सघाउ पुऱ्याउने,

(ङ) विभागसँग समन्वय गरी महानगरपालिकाअन्तर्गतका सामुदायिक विद्यालयको समग्र शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सहयोग गर्ने,

(च) प्राविधिकबाट मूल्याङ्कन गराई लागत अनुमानको आधारमा सम्बन्धित विद्यालयलाई अनुदान उपलब्ध गराउने,

(छ) अनुदान रकमको खर्चपश्चात लेखापरीक्षण गर्न लगाउने तथा स्रेस्ता दुरुस्त राखी महानगरपालिकासमक्ष पेस गर्न लगाउने,

(ज) शिक्षा विकास कोषको अधिकतम उपयोग गर्ने ।

## परिच्छेद-३
## शिक्षा विकास कोषसम्बन्धी व्यवस्था

६. **कोष स्थापना हुने :** (१) यस कार्यविधिबमोजिम महानगरपालिकामा कोष स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन् :

(क) सङ्घीय सरकार, प्रदेश सरकार वा महानगरपालिकाबाट प्राप्त अनुदान,

(ख) विभिन्न संघ संस्थाबाट प्राप्त रकम,

(ग) चन्दादाताबाट प्राप्त रकम,

(घ) आन्तरिक आम्दानी हुने विद्यालयबाट प्राप्त हुने रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम,

(३) कोषमा प्राप्त सबै रकम समितिको नाममा बैंक खाता खोली जम्मा गरिनेछ ।

४) समितिको खाता सञ्चालन अध्यक्ष वा अध्यक्षले तोकेको सदस्य र सदस्य सचिवको संयुक्त दस्तखतबाट हुनेछ ।

## परिच्छेद-४

## विविध

७. **अधिकार प्रत्यायोजनसम्बन्धी व्यवस्था** : समितिले यस कार्यविधिबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकताअनुसार अध्यक्ष वा कुनै सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

८. **संशोधनसम्बन्धी व्यवस्था :** कार्यपालिकाले आवश्यकताअनुसार यस कार्यविधिमा थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

स्वीकृत मिति : २०८०/१२/१८

**आज्ञाले**
**प्रदीप परियार**
**प्रमुख प्रशासकीय अधिकृत**

**नेपाल प्रज्ञा-प्रतिष्ठान कमलादी, काठमाडौंमा मुद्रित ।**